नेपाल सरकार

शान्ति तथा पुनर्निर्माण मन्त्रालय

सिंहदरवार, काठमाडौ

*सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम प्रकाशित विवरण*

# आ.व. २०७३/०७४

(२०७४ बैशाख देखि २०७४ असार सम्म- ३ महिना)

## १. निकायको स्वरूप र प्रकृति

**नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ साल मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौता सम्पन्न भएपछि सम्झौताले निर्देश गरेबमोजिम द्वन्द्वका नकारात्मक प्रभावहरूलाई न्यून गर्ने, द्वन्द्वपीडितहरुलाई तत्काल राहत प्रदान गर्ने, पुनर्निर्माण र पुनःस्थापन गरी सामाजिक एकीकरणका माध्यमबाट समाजमा रहेका अवरोधहरुलाई न्यून गर्दै मुलुकमा दिगो शान्ति कायम गर्नुका साथै सो सम्झौताको प्रभावकारी कार्यान्वयन गरी शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने गहन जिम्मेवारी शान्ति सचिवालयबाट भन्दा एउटा छुट्टै मन्त्रालयबाट निर्वाह गर्दा बढी उपयोगी र प्रभावकारी हुने देखी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६३/१२/१८ को निर्णयानुसार तत्कालीन शान्ति सचिवालय खारेज गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयको गठन भएको हो**

## २. निकायको काम कर्तब्य र अधिकार

**नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार शान्ति तथा पुनर्निर्माण मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत देहायका विषयहरु समावेश छन् -**

**१. शान्ति स्थापना, द्वन्द्व व्यवस्थापन, विकास र द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणका लागि तत्कालीन र दीर्घकालीन नीति, रणनीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन**

**२. द्वन्द्वपीडित क्षेत्रको सामाजिक तथा आर्थिक विकासको नीति, रणनीति र कार्यक्रम**

**३. विस्तृत शान्ति सम्झौतालगायतका अन्य सम्झौता, सहमति र निर्णयको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन**

**४. दीगो शान्ति कायम गर्न आवश्यक संस्थागत, प्रकृयागत तथा प्राविधिक विषय**

**५. शान्ति स्थापना तथा द्वन्द्व व्यवस्थापनसम्बन्धी, अध्ययन, विश्लेषण तथा अनुभवको आदान-प्रदान**

**६. द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको राहत, आर्थिक सहायता तथा पुनःस्थापन**

**७. द्वन्द्व-संवेदनशील प्रणालीबारे अध्ययन तथा अनुसन्धान**

**८. शान्ति स्थापना तथा द्वन्द्वको व्यवस्थापनसम्बन्धी सूचना, अध्ययन सामग्री र अध्ययन प्रतिवेदनको अभिलेख केन्द्र तथा शान्ति र द्वन्द्व व्यवस्थापनको प्राविधिक स्रोतकेन्द्र सम्बन्धी**

**९. शान्ति प्रक्रिया र द्वन्द्वको संक्रमणकालीन व्यवस्थापन**

**१०. द्वन्द्वको कारणबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण तथा पुनःस्थापनाको योजना तर्जुमा, कार्यान्वयन तथा क्षेत्रगत निकायसँगको समन्वय**

**११. शान्ति कोषबाट सञ्चालित योजना तथा कार्यक्रमको सञ्चालन र अनुगमन**

**१२. शान्ति स्थापना र द्वन्द्व व्यवस्थापनसँग सम्बन्धित सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाको सम्पर्क**

**१३. सत्य निरुपण तथा मेलमिलाप आयोग**

**१४. बेपत्तासम्बन्धी छानबिन आयोग**

**१५. शान्ति तथा पुनःस्थापनासम्बन्धी परामर्श समिति**

**१६. शान्ति प्रक्रियासम्बन्धी उच्चस्तरीय अनुगमन समिति**

**१७. स्थानीय शान्ति समिति ।**

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

**मन्त्रालयलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्दछ | हाल मन्त्रालयमा ७९ जना कर्मचारीहरु छन |**

| | |
|---|---|
| **स्वीकृत कर्मचारी दरवन्दी संख्या** | **९३ जना** |
| **स्थायी कर्मचारी संख्या** | **६७ जना** |
| **करार सेवाका कर्मचारी** | **२६ जना** |
| **जम्मा कर्मचारी संख्या** | **९३.जना** |

## ४. निकायबाट प्रदान गरिने सेवा

- **श्रृजनशील द्वन्द्व व्यवस्थापनमा सहयोग पुऱ्याउनु ।**
- **दिगो शान्तिको लागि छलफल, गोष्ठी तथा अर्न्तक्रिया र तालिम संचालन गर्नु ।**
- **शान्ति प्रक्रियामा देशका सम्बद्ध सबै पक्षको समर्थन र सहभागिता जुटाउन सहयोग पुऱ्याउनु ।**
- **शान्तिको पक्षमा अन्तराष्ट्रिय सहयोग र समर्थन जुटाउनु ।**
- **शान्ति बहाली गर्न सरकारले गरेका निर्णयहरुको कार्यान्वयनमा सहयोग पुऱ्याउनु ।**
- **द्वन्द्व व्यवस्थापन, राहत, पुनर्स्थापन र पुनर्निर्माणको कार्ययोजना निर्माण र कार्यान्वयनमा भूमिका खेल्नु ।**
- **शान्ति र सहमतिको वातावरण सिर्जना गर्न अवलम्बन गर्नु पर्ने नीति तथा रणनीतिहरु बारे अध्ययन गरी राय सुझाव पेश गर्नु**

## ५. सेवा प्रदान गर्ने निकायको महाशाखा/शाखा र सम्वन्धित शाखा प्रमुख

- प्रशासन योजना तथा वैदेशिक समन्वय महाशाखा
  - **महाशाखा प्रमुख सह सचिव श्री राम प्रसाद भट्टराई**
  - **प्रशासन शाखा प्रमुख उप सचिव श्री प्रकाश आचार्य**
  - **योजना तथा कार्यक्रम शाखा प्रमुख उप सचिव श्री ध्रुब प्रसाद पौडेल**
  - **आर्थिक प्रशासन शाखा प्रमुख उप सचिव रमेश घिमिरे**
  - **अनुगमन तथा मुल्यांकन शाखा प्रमुख उप सचिव श्री ध्रुब प्रसाद पौडेल**
- राहत तथा पुनस्थापन महाशाखा
  - **महाशाखा प्रमुख सह सचिव सुदर्शन प्रसाद ढकाल**
  - **राहत तथा तथ्यांक शाखा प्रमुख उप सचिव विश्वराज न्यौपाने**
  - **पुनस्थापन शाखा प्रमुख उप सचिव विश्वराज न्यौपाने**
- कानुन तथा संचार महाशाखा
  - **महाशाखा प्रमुख सह सचिव (कानुन) ऋषि राजभण्डारी**
  - **कानुन तथा मानव अधिकार शाखा प्रमुख उप सचिव चन्द्रकान्त पौडेल**
  - **सूचना संचार तथा जनसम्पर्क शाखा प्रमुख उप सचिव दुर्गा प्रसाद भुर्तेल**
- शान्ति संयन्त्र समन्वय महाशाखा
  - **महाशाखा प्रमुख सह सचिव राम प्रसाद भट्टराई**
  - **स्थानिय शान्ति समिति समन्वय शाखा उप सचिव दुर्गा प्रसाद भुर्तेल**
- द्वन्द्व व्यवस्थापन महाशाखा
  - **महाशाखा प्रमुख सह सचिव सुदर्शन प्रसाद ढकाल**

- **द्वन्द विश्लेषण तथा नीति निर्माण शाखा प्रमुख उप सचिव विश्वराज न्यौपाने**
- **शान्ति प्रक्रिया समन्वय तथा अनुगमन शाखा प्रमुख उप सचिव विश्वराज न्यौपाने**
- **बारुदी सुरुंग व्यवस्थापन शाखा प्रमुख उप सचिव विश्वराज न्यौपाने**

➢ पूर्वाधार पुनर्निर्माण महाशाखा

- **महाशाखा प्रमुख सह सचिव गणेश प्रसाद वस्ती**
- **पूर्वाधार पुननिर्माण शाखा प्रमुख सिडिई ध्रुब प्रसाद पौडेल**

➢ द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना

- **परियोजना समन्वयकर्ता श्री गणेश प्रसाद वस्ती**

➢ राहत तथा पुनस्थापन इकाई

- **निमित्त विभागीय प्रमुख श्री देवराज जोशी**

➢ नेपाल शान्ति कोष सचिवालय

- **कार्यकारी निर्देशक श्री हरि प्रसाद पाण्डे**

➢ सत्य निरुपण तथा मेलमिलाप आयोग को सचिवालय

- **सचिव श्री मणिराम ओझा**

➢ वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको सचिवालय

- **सचिव श्री नृप ध्वज निरौला**

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

- **नियमानुसारको शुल्क लाग्ने छ ।**

## ७. उजुरी, निवेदन उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

**मन्त्रालयका सचिव श्री गजेन्द्र कुमार ठाकुर**

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

**मन्त्रालयका सचिव श्री गजेन्द्र कुमार ठाकुर**

## ९. सम्पादन गरेको कामको विवरण (शान्ति तथा पुनर्निर्माण मन्त्रालय)

- अन्तरराष्ट्रिय शान्ति दिवसको अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा प्रभातफेरी सहितको शान्ति दिवसको कार्यक्रम सञ्चालन गरिएको ।
- २०७३ मंसिर ५ गतेका दिन यस मन्त्रालयका पूर्व मन्त्रीज्यूहरु र पूर्व सचिवज्यूहरुसँग शान्ति तथा पुनर्निर्माण मन्त्रालयको दश वर्षको उपलव्धी र भावी कार्यदिशा वारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी वहांहरुबाट महत्वपूर्ण सुझावहरु प्राप्त भएको ।
- शान्ति तथा पुनर्निर्माण मन्त्रालयको १० बर्षको उपलब्धि समेटेर अन्तरराष्ट्रिय शान्ति दिवशको अवसरमा (शान्ति प्रक्रियाका १० बर्ष ) शान्ति पत्रिका प्रकाशन गरिएको
- मृतक र बेपत्ताका हकदारलाई रु पाँच लाख थप गरी दश लाख पुर्याउन तथा अन्य राहत वितरणका लागि रु. ९ अर्व १ करोड ६५ लाख १५ हजार ३ सय राहत तथा पुनःस्थापन ईकाइ मार्फत अख्तियारी पठाईएकोमा सोको ८० प्रतिशत राहत वितरण गरिएको ।
- शान्तिकोष सचिवालय, द्वन्द्वोत्तर परियोजना र राहत तथा पुनःस्थापन इकाईका प्रमुखहरुसँग कार्य सम्पादन सम्झौता गरिएको । यसबाट सम्बन्धित निकायहरुको कार्यसम्पादन प्रभावकारी हुने ।
- राष्ट्रिय सूचना आयोगबाट सुचनाको हक सम्बन्धमा परिक्षण हुंदा शत प्रतिशत कार्य सम्पादन गरेकोमा प्रशंसा गरिएको ।

- राष्ट्रिय योजना आयोगबाट कार्यक्रम स्वीकृति भई प्राथमिकता प्राप्त (पी १ ) अन्तर्गत पुनर्निर्माण तर्फ १९४० आयोजनाका लागि रु १ अर्व ३७ करोड ८५ लाख २४ हजार अख्तियारी सम्वन्धित निकायहरुमा समयमा नै पठाईएको ।
- शान्तिका लागि विकास कार्यक्रम तर्फ ३७३१ आयोजनाको लागि रु.६० करोड १० लाख ४० हजारको अख्तियारी डोलीडारमा समयमा नै पठाईएको ।
- स्थानीय शान्ति समितिको मागमा आधारित कार्यक्रम तर्फ हरेक जिल्लाका लागि रु. ५ लाखका दरले बजेट बिनियोजन गरी पठाइएको ।
- उत्कृष्ट शान्ति समितिहरुको छनौट र प्रशंसापत्र प्रदानः स्थानीयस्तरमा उत्कृष्ट योगदान गर्ने हरेक प्रान्तबाट एक जिल्लास्तरीय शान्ति समितिलाई अन्तराष्ट्रिय शान्ति दिवसका अवसरमा प्रशंसापत्र प्रदान गरिएको । छनौट भएका शान्ति समितिहरुलाई कार्यक्रम संचालन गर्न थप रकम उपलब्ध गराइने
- शान्ति प्रबर्धन सम्बन्धी गतिविधिहरु देश भरका ७४ जिल्लाका स्थानीय एफ.एम. रेडियोबाट प्रचार प्रसार गर्न उज्यालो नेटवर्क ९० मेगाहर्जबाट प्रसारण गरिएको ।

- सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगलाई साधन र श्रोत सम्पन्न युक्त बनाउन मन्त्रालयका तर्फबाट पहल भैरहेको ।
- मन्त्रालयको भाबी कार्यदिशा बारेमा मन्त्रालयका पूर्व मन्त्रीज्यू र सचिवज्यूहरु सहितको छलफल कार्यक्रम आयोजना गरी सुझाव प्राप्त भएको ।
- दिगो शान्ति र विकासका लागि द्वन्द्वबाट क्षतिग्रस्त भौतिक संरचनाहरू मध्ये चालु आ.व.को अन्त्यसम्ममा पुनर्निर्माण तथा पुनस्थापना तर्फ २०४ आयोजना र शान्तिका लागि विकास तर्फ १६३ आयोजना सम्पन्न हुने गरी संचालनमा रहेको ।
- FM रेडियो बाट शान्ति प्रबर्धन सम्बन्धी गतिविधिहरु प्रचार प्रसार तथा प्रसारण गरिएको,
- संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको निर्णय न.१३२५ र १८२० (महिला, शान्ति, र सुरक्षा) को दोस्रो चरणको कार्ययोजना तयार गर्ने कार्य प्रारम्भ भएको ।
- धनकुटाको राजारानीमा नमुना वस्ती निर्माणाधीन रहेको।
- काठमाडौँको गोकर्णमा गोकर्ण राष्ट्रिय शहीद तथा निजामती पार्क निर्माण भै रहेको ।
- मनोसामाजिक परामर्श सेवा तथा सहयोग परियोजना संचालनको लागि सेवा प्रदायक संस्था छनौट कार्य सम्पन्न भई १० जिल्लामा कार्यक्रम कार्यान्वयनवाट 15206 (समूदायस्तरको सेवा 14197 जनालाई, मध्यम सेवा 1422 सेसनमा ९९२ जनालाई र विशेष सेवा १७ जनालाई) जनाले मनोसामाजिक परामर्श सेवा प्राप्त गरेका ।
- सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट आह्वान भएको म्याद भित्र क्रमस: ५८०५२ वटा र २९६३ वटा उजुरी पर्न आएको, उजुरीहरुको अभिलेखन कार्य सम्पन्न भएको ।
- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को पहिलो संसोधन मस्यौदा तर्जुमाको लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाएको |
- द्वन्द्व प्रभावित व्यक्ति,परिवार तथा संरचनामा भएको क्षतिको विवरण छानविन एवं परिक्षण सम्वन्धि पाँचौं कार्यदल र कार्य समुहवाट प्राप्त प्रतिवेदन उपर विस्तृत छानविन एवं परीक्षण गर्न कार्यदल गठन भै क्रियाशिल रहेको |
- स्थानीय शान्ति समितिमा कार्यरत ७५ वटै जिल्लाका कार्यालय सचिबहरुलाई मन्त्रालयको नीति तथा कार्यक्रम वारे अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको |
- शान्ति प्रक्रियाको सम्बन्धमा हाल सम्मको गतिविधि समेटेर डकुमेन्ट्री तयार गरेको ।

- नेपालमा शान्ति प्रक्रियाको दश वर्ष (२०६३-७४) वर्ष ८ अंक ८ दोस्रो संस्करण प्रकाशन गरेको ।
- नेपालको शान्ति प्रक्रियामा हालसम्म भएका सम्झौता, सहमति, समझदारी, घोषणा र निर्णयहरुको संकलन (बाह्र बुँदे समझदारी र विस्तृत शान्ति सम्झौता समेत) पुनः छपाई गरेको ।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

- सचिव श्री गजेन्द्र कुमार ठाकुर
- सूचना अधिकारी श्री दुर्गा प्रसाद भुर्तेल

## ११. ऐन, नियम, नीति तथा निर्देशिकाको सुची

१. सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२
२. वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमवाली, २०७२
३. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१
४. स्थानीयस्तरका शान्ति समितिको कार्यक्रम कार्यान्वयनसम्बन्धी मार्गदर्शन, २०७०
५. मनोसामाजिक परामर्श सेवा सञ्चालन सम्बन्धी निर्देशिका, २०७०
६. राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका परिवारलाई परिचय पत्र प्रदान गर्ने निर्देशिका, २०६९
७. आमा बाबु गुमाएका बालबालिका पुनःस्थापन कार्यक्रम सञ्चालन कार्यविधि, २०६८
८. माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरु, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरुका लागि पुनस्थापन एवं हेरचाह निर्देशिका, २०६८
९. द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम संचालन निर्देशिका, २०६८
१०. शान्तिको लागि विकास कार्यक्रम संचालन निर्देशिका, २०६८
११. माओवादी सेनाका गर्भवती तथा पाँच वर्षभन्दा कम उमेरका बालबालिका भएका महिला लडाकुहरुको लागि विशेष सुविधा प्रदान गर्ने निर्देशिका, २०६८
१२. माओवादी सेनाका लडाकुहरुको पुनस्थापन सम्बन्धी निर्देशिका, २०६८
१३. माओवादी सेनाका लडाकुहरुको रेखदेख, नियन्त्रण, निर्देशन प्रक्रिया र आचारसंहिता सम्बन्धी निर्देशिका, २०६७
१४. सशस्त्र द्वन्द्वका क्रममा पीडित भएका व्यक्तिलाई रोजगार/स्वरोजगार सेवा संचालन गर्ने निर्देशिका, २०६७
१५. स्थानीय शान्ति समिति निर्देशिका, २०६६
१६. नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०६८
१७. द्वन्द्वबाट क्षति भएका भौतिक पूर्वाधारहरुको पुनर्निर्माण/पुनस्थापना तथा शान्तिका लागि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०६५
१८. स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरु,२०६५
१९. वेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६८
२०. मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६८
२१. शान्ति कोष संचालन (कार्यविधि) नियमावली, २०६५
२२. द्वन्द्वका कारण विस्थापित व्यक्ति तथा परिवारलाई राहत सुविधा प्रदान गर्ने निर्देशिका, २०६३
२३. आन्तरिक रुपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०६३
२४. राष्ट्रिय सहिद तथा शान्ति पार्क निर्माण तथा व्यवस्थापन कार्यविधि २०७३

आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरण

# खर्चको फाँटबारी

आर्थिक बर्ष:२०७३/७४ म.ले.प.फा.नं. १३

ब.उ.शि.नं.: ३४९०११३ शान्ति तथा पुनर्निर्माण मन्त्रालय चालु खर्च

| यस महिनाको खर्च | मसान्त सम्मको निकासा | बजेट नं. | बजेट रकम | जम्मा बजेट | मसान्त सम्मको खर्च | बजेट बाँकी |
|---|---|---|---|---|---|---|
| २,३६२,१६६.०० | २१,९४६,२६२.०० | २११११ | तलब | २८,८१२,०००.०० | २१,९४६,२६२.०० | ६,८६५,७३८.०० |
| ४८,०००.०० | ५६४,६४७.०० | २१११३ | महंगी भत्ता | ९६६,०००.०० | ५६४,६४७.०० | ४०१,३५३.०० |
| १६४,२३२.२५ | १,९७७,१५२.२५ | २१११९ | अन्य भत्ता | २,२१३,७६१.०० | १,९७७,१५२.२५ | २३६,६०८.७५ |
| - | ३४५,०००.०० | २११२१ | पोशाक | ६२३,०००.०० | ३४५,०००.०० | २७८,०००.०० |
| २९३,२१७.०० | १,५०३,९५५.०० | २२१११ | पानी तथा बिजुली | १,६१०,०००.०० | १,५०३,९५५.०० | १०६,०४५.०० |
| २५२,७५०.०० | ३१२,५२३.०० | २२११२ | संचार महसुल | ५१३,०००.०० | ३१२,५२३.०० | २००,४७७.०० |
| (४८,३९५.००) | ३५७,६०५.०० | २२१२२ | अन्य भाडा | ५००,०००.०० | ३५७,६०५.०० | १४२,३९५.०० |
| २३९,३५९.०० | ३,३८१,२७६.०० | २२२११ | इन्धन | ४,१४१,०००.०० | ३,३८१,२७६.०० | ७५९,७२४.०० |
| ६८९,१०९.०० | २,५९०,०००.०० | २२२१२ | संचालन तथा मर्मत संभार | २,५९०,०००.०० | २,५९०,०००.०० | - |
| ५,०९६.०० | १७१,५७८.०० | २२२१३ | बीमा | २१५,०००.०० | १७१,५७८.०० | ४३,४२२.०० |
| ४२१,७८४.०० | २,४३८,७७१.०० | २२३११ | कार्यालय सम्बन्धी खर्च | २,४५०,०००.०० | २,४३८,७७१.०० | ११,२२९.०० |
| - | ६,०३९.०० | २२३१३ | पुस्तक तथा सामाग्री खर्च | १००,०००.०० | ६,०३९.०० | ९३,९६१.०० |
| - | - | २२३१४ | इन्धन-अन्य प्रयोजन | ५०,०००.०० | - | ५०,०००.०० |
| - | ५,२५०.०० | २२४११ | सेवा र परामर्श खर्च | १४६,३३०.०० | ५,२५०.०० | १४१,०८०.०० |
| १,२६१,९२१.०० | ८,१६४,१६०.०० | २२४१२ | अन्य सेवा शुल्क | ८,३०३,०००.०० | ८,१६४,१६०.०० | १३८,८४०.०० |
| १,४३८,७७७.०० | २,७३७,१२२.०० | २२५२२ | कार्यक्रम खर्च | १४,१२०,०००.०० | २,७३७,१२२.०० | ११,३८२,८७८.०० |
| - | ४६६,५४७.०० | २२५२९ | अन्य कार्यक्रम खर्च | १,३७५,०००.०० | ४६६,५४७.०० | ९०८,४५३.०० |
| २२४,७८०.०० | २,२६७,७७०.०० | २२६११ | अनुगमन, मूल्यांकन खर्च | ३,०८६,०००.०० | २,२६७,७७०.०० | ८१८,२३०.०० |
| - | ५४,६५०.०० | २२६१२ | भ्रमण खर्च | ४००,०००.०० | ५४,६५०.०० | ३४५,३५०.०० |
| ८१,८२४.०० | १,५४४,०८७.०० | २२७११ | विविध खर्च | १,५७४,०००.०० | १,५४४,०८७.०० | २९,९१३.०० |
|  | ५०,८३४,३९४.२५ | जम्मा |  |  |  |  |
|  | - | चालुकोष |  |  |  |  |
| ७,४३४,६२०.२५ | ५०,८३४,३९४.२५ | जम्मा |  | ७३,७८८,०९१.०० | ५०,८३४,३९४.२५ | २२,९५३,६९६.७५ |
| ७,४३४,६२०.२५ | ५०,८३४,३९४.२५ | समस्त रकम |  | ७३,७८८,०९१.०० | ५०,८३४,३९४.२५ | २२,९५३,६९६.७५ |

| | | | | |
|---|---|---|---|---|
| २०७४ असार सम्ममा प्राप्त जम्माजम्मी निकासा: | ५०,८३४,३९४.२५ | बैकको नाम: | एकल कोष खाता | दाखिला गर्न बाँकी रकम: |
| २०७४ असार सम्मको जम्मा खर्च: | ५०,८३४,३९४.२५ | बैंक खाता नं : | २३ | बैंक मौज्दात: |
| २०७४ असार सम्म फछ्र्यौट नभएको बाँकी पेश्की: | १६,०००.०० | तहवील मौज्दात: | - | को.ले.नि.का. फिर्ता: |
| पेश्की कट्टा गरी बाँकी खुद खर्च: | ५०,८१८,३९४.२५ | जम्मा बाँकी: | - | |

## १२. तोकिए बमोजिमका अन्य विवरण

हाललाई नभएको |

## १३. अघिल्लो आ.व. मा संचालित कार्यक्रमहरु

आ.व. २०७२।७३ मा संचालित आयोजना, कार्यक्रमहरुको वार्षिक प्रगति स्थिति

रकम रु '००० मा

| क.स. | आयोजना /कार्यक्रमको नाम | वार्षिक वजेट | | | तेस्रो चौमासिक वजेट | तेस्रो चौमासिक को खर्च | तेस्रो चौमासिक प्रगति स्थिति (%) | | वर्षिक खर्च | वार्षिक प्रगति स्थिति ( %) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | शान्ति तथा पुनर्निर्माण मन्त्रालय (P1)_ | चालु | पुंजिगत | जम्मा | जम्मा | जम्मा | भौतिक | वित्तीय | जम्मा | भौतिक | वित्तीय | |
| क) | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ६५,२२० | २,४५० | ६७,६७० | २६,१८९ | २५,०५८ | ९८ | ९६ | ४८,२६२ | ८२ | ७२ | |
| ख) | सत्य निरुपण तथा मेलमिलाप आयोग | ८८,२३३ | १६,९०० | १०५,१३३ | ४०,६४२ | ३१,०१९ | ८६ | ७७ | ६१,६५५ | ८९ | ५९ | |
| ग) | वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग | ५५,०३५ | ९,९७७ | ६५,०१२ | २६,२७४ | २१,७१७ | ८२ | ८३ | ४०,०६७ | ८० | ६२ | |
| कुल जम्मा ( वजेट उप शीर्षक नं ३४९०११) | | २०८,४८८ | २९,३२७ | २३७,८१५ | ९३,१०५ | ७७,७९४ | | | १४९,९८४ | | | |
| २ | पुनर्निर्माण तथा पुनस्थापन (P1) | | | | | | | | | | | |
| (क) | राहत तथा पुनस्थापन इकाई | १२४,८३६ | ० | १२४,८३६ | | | | | १०६,४४७ | ९२ | ८५ | लाभग्राही संख्या १५८६ |
| (ख) | पुनर्निर्माण परियोजना | ० | १६७४५५४ | १६७४५५४ | १०४९१३८ | ८५७९९४ | ६६ | ८२ | १२७४२५९ | ७८ | ७६ | |
| ३ | स्थानीय शान्ति समिति (P1) | १८३,९६९ | २,००० | १८५,९६९ | ३,६४२ | ३,३६६ | १०० | ९३ | १८४,९७८ | १०० | ९९ | |
| ४ | शान्ति कोष सचिवालय (P1) | १,०००,००० | ० | १,०००,००० | | | | | ५८३,५०० | | ५८ | |
| ५ | शान्तिको लागि विकास कार्यक्रम (P2) | ० | ५८२४३९ | ५८२४३९ | ४२७८८७ | ४२७८८७ | १०० | १०० | ४७१५८७ | ८१ | ८१ | |
| | कुल जम्मा | १,५१७,२९३ | २,२८८,३२० | ३,८०५,६१३ | १,५७३,७७२ | १,३६७,०४१ | | | २,७७०,७५५ | | | |

## १४. सार्वजनिक निकायको वेवसाइट

मन्त्रालयको वेबसाइट www.peace.gov.np रेहको छ |

## १५. सार्वजनिक निकायमा परेका सुचना माग सम्वन्धी निवेदन र सूचना दिइएको विषय

०७४ असार मसान्त सम्म यस आ.व. मा ८ जना ले सूचना माग गरेकोमा ७ जनालाई सूचना उपलव्ध गराईसकेको र एक जनाको निवेदन प्रक्रियामा रहेको |

## १६. सार्वजनिक निकायका सूचनाहरु अन्यन्त्र प्रकाशन भएको वा हुने भए सो को विवरण

अन्यन्त्र प्रकाशन नभएको |

**प्रस्तुत विवरण मन्त्रालयको वेवसाइट www.peace.gov.np मा हेर्न सकिने छ |**


शान्ति तथा पुनर्निर्माण मन्त्रालय

फोन नं. ४२११५५०, ४२११०८९, ४२१११८९

Audio Notice No. 1618 01 4211097

ईमेलः info@peace.gov.np

वेभः www.peace.gov.np